CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिभुवन विश्वविद्यालय

व्यापार प्रशासन, वाणिज्य शास्त्र तथा
जन प्रशासन अध्ययन संस्थानको

१११

परिचय पुस्तिका

– २०३१ –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाल्मीकि व्याकरण पुस्तकालय

वाल्मीकि व्याकरण पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिभुवन विश्वविद्यालय

व्यापार प्रशासन, वाणिज्य शास्त्र तथा
जन प्रशासन अध्ययन संस्थानको

परिचय पुस्तिका

– २०३१ –

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीमान डीन, सहायक डीनहरू तथा क्याम्पस प्रमुखहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्या परिषद् (फ्याकल्टी बोर्ड)

विद्या परिषद् (फ्याकल्टी बोर्ड) निम्न प्रकारको गठन भएको छः–

डीन डा. प्रचण्ड प्रधान	अध्यक्ष

क्याम्पस प्रमुखबाट निम्न ५ जना सदस्यहरूः–

सहायक डीन, श्री गोपालमान श्रेष्ठ	शंकरदेव क्याम्पस, काठमाडौं
क्याम्पस प्रमुख, श्री मोहनप्रसाद उपाध्याय	ठाकुरराम क्याम्पस, वीरगंज
क्याम्पस प्रमुख, श्री ऐश्वर्यलाल प्रधानांग	पब्लिक यूथ क्याम्पस, काठमाडौं
क्याम्पस प्रमुख, श्री धिरेन्द्र प्रसाद श्रेष्ठ	त्रिभुवन क्याम्पस, पाल्पा
क्याम्पस प्रमुख, श्री शिव मगन गुरूंग	महेन्द्र मोरंग क्याम्पस, विराटनगर

विभिन्न विषय समितिका प्रमुखहरूबाट निम्न ४ जना सदस्यहरूः–

क) प्राध्यापक डा. रामप्रसाद राजवाहक	शंकरदेव क्याम्पस, काठमाडौं
ख) सह-प्राध्यापक श्री नविन चन्द्र जोशी	" "
ग) कार्यक्रम सयोजक श्री प्रेमराज पन्त	शंकरदेव क्याम्पस, काठमाडौं
घ) उप-प्राध्यापक श्री सुरेन्द्र प्रधान	" "

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्यापन विषयमा दक्षता भएका व्यक्तिहरूबाट ५ जना सदस्यहरू:–

क्याम्पस प्रमुख, श्री गणेशमान पालिखे	पृथ्वी नारायण क्याम्पस
क्याम्पस प्रमुख, श्री सुरेन्द्रबहादुर वैद्य	सरस्वती क्याम्पस, काठमाडौं
क्याम्पस प्रमुख, श्री पृथुराज श्रेष्ठ	पाटन क्याम्पस, ललितपुर
क्याम्पस प्रमुख, श्री गोपाल प्रसाद श्रेष्ठ	महेन्द्र क्याम्पस, धरान
उप-प्राध्यापक, श्री मनोहर कृष्ण श्रेष्ठ	शंकरदेव क्याम्पस, काठमाडौं

उत्पादित जनशक्ति उपयोग गर्ने क्षेत्रको प्रतिनिधित्व गर्ने गरी श्री ५ को सरकारबाट मनोनित ३ जना सदस्यहरू:–

क) अर्थ मन्त्रालय	१
ख) उद्योग वाणिज्य मन्त्रालय	१
ग) प्रशासन व्यवस्था विभाग	१

क्याम्पस र क्याम्पस प्रमुखहरूको नाउं:–

१) श्री गोपालमान श्रेष्ठ	सहायक डीन	शंकरदेव क्याम्पस, काठमाडौं
२) श्री ऐश्वर्यलाल प्रधानांग	क्याम्पस प्रमुख	पब्लिक यूथ क्याम्पस, "
३) श्री सुरेन्द्रबहादुर वैद्य	"	सरस्वती क्याम्पस, "
४) श्री पृथुराज श्रेष्ठ	"	पाटन क्याम्पस, पाटन
५) श्री गोपाल प्रसाद श्रेष्ठ	"	महेन्द्र क्याम्पस, धरान
६) श्री शिव मगन गुरूंग	"	महेन्द्र मोरंग आदर्श क्याम्पस, विराटनगर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७) श्री उमा शंकर अग्रवाल	का. मु. क्याम्पस प्रमुख	रामस्वरूप रामसागर क्याम्पस, जनकपुर
८) श्री मोहनप्रसाद उपाध्याय	क्याम्पस प्रमुख	ठाकुरराम क्याम्पस, वीरगंज
९) श्री गणेशमान पालिसं	"	पृथ्वीनारायण क्याम्पस, पोखरा
१०) धिरेन्द्र प्रसाद श्रेष्ठ	"	त्रिभुवन क्याम्पस, पाल्पा
११) ब्रह्मदेव झा	का. मु. क्याम्पस प्रमुख	महेन्द्र क्याम्पस, नेपालगञ्ज
१२) डा. गोविन्द राम अग्रवाल	का. मु. केन्द्र प्रमुख	आर्थिक विकास तथा प्रशासन केन्द्र, कीर्तिपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका

नेपालमा वाणिज्य शिक्षाको शुरूवात वि० सं० २०११ साल भाद्र १७ गते त्रि-चन्द्र कलेज वाणिज्य विभागको स्थापनाबाट भएको हो। यस्को समुद्घाटन श्री ५ अधिराजकुमार हिमालय वीर विक्रम शाहको बाहुलीबाट २०११ साल आश्विन ८ गते सुसम्पन्न भएको थियो।

देशमा महाविद्यालय स्तरिय शैक्षिक युग प्रारम्भ भएको करिब ३५ वर्ष पछि मात्र प्रारम्भ भएको वाणिज्य शिक्षाको शुरुवात केवल ३१ जना विद्यार्थीहरू (२७ जना आइ. कम. मा र ४ जना बी. कम. मा) बाट भएको थियो। प्रारम्भमा विहान र बेलुकी मात्र वाणिज्य शास्त्र अध्यापन हुने गरेकोले खास गरी सरकारी तथा गैर सरकारी कार्यालयमा काम गर्ने र आफ्नो व्यापार व्यवसायमा संलग्न रहि उच्च शिक्षा हासिल गर्न इच्छुक विद्यार्थीहरूका बीच वाणिज्य शिक्षा बढी लोकप्रिय भएको थियो। विस्तार विस्तारै वाणिज्य शिक्षाको महत्व एवं यसको उपादेयता बारे विद्यार्थीहरूको ज्ञान बढ्दै गई यस शिक्षा तिर बढी आकर्षित भएको तथ्य ०१२।१३ सालमा श्री ५ महेन्द्र मोरग कलेज, विराटनगरमा र त्यसपछि श्री ठाकुर राम कलेज, वीरगंज, श्री ५ महेन्द्र कलेज, धरान, नेशनल कलेज, काठमाडौं, श्री ५ महेन्द्र रत्न पब्लिक कलेज, काठमाडौं, नेपाल यूथ कलेज, काठमाडौं, श्री राम स्वरूप राम सागर कलेज, जनकपुर, रत्न राज्य लक्ष्मी गर्ल्स कलेज, काठमाडौं, श्री महेन्द्र कलेज, नेपालगंज, त्रिभुवन कलेज, पाल्पा, पृथ्वीनारायण कलेज पोखरा, सरश्वती कलेज, काठमाडौंमा वाणिज्य विभागहरू खोली वाणिज्य शास्त्रको अध्ययन अध्यापन भएबाट स्पष्ट हुन्छ। फेरि वाणिज्य शास्त्र मात्र अध्यापन गराउने गरि पब्लिक कमर्स कलेज, काठमाडौं र नेपाल कमर्स कलेज, पाटनमा स्थापना भएका थिए।

वाणिज्य शास्त्र तर्फ पनि उच्चस्तरिय जनशक्ति स्वदेशमै उत्पादन गर्ने उद्देश्य अनुरूप त्रिभुवन विश्वविद्यालय कलेजले २०१७ साल मार्गमा वाणिज्य विभाग खोली स्नातकोत्तर कक्षा सञ्चालन गऱ्यो।

राष्ट्रिय शिक्षा प्रणालीको योजना उच्च शिक्षा तर्फ लागू गर्ने क्रममा ०३० साल श्रावण १ गते त्रिभुवन विश्वविद्यालय अन्तर्गत यो व्यापार प्रशासन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाणिज्य शास्त्र तथा जन प्रशासन अध्ययन संस्थान स्थापना भएको हो । वाणिज्य शिक्षा तर्फ शैक्षिक स्तर अभिवृद्धि एवं सुव्यवस्थित गर्ने उद्देश्य अनुरूप उपरोक्त सरकारी तथा गैर सरकारी महाविद्यालयहरूलाई क्याम्पसमा परिणत गरि हाल जम्मा ११ क्याम्पस मात्र कायम गरिएको छ । साथै वि. सं. २०२७ साल देखि आर्थिक विकास तथा प्रशासन केन्द्रले सञ्चालन गरिरहेको त्रि. वि. को जन प्रशासन डिप्लोमालाई यस अध्ययन संस्थान अन्तर्गत स्नातक तहमा शंकरदेव क्याम्पसमा अध्यापन गरिदैछ ।

यसरी कुनै पनि तत्कालीन महाविद्यालयहरूलाई खारिज नगरि एक अर्कोमा गाभिएका छन् । हाल अधिराज्यका १४ अञ्चल मध्ये ७ अञ्चलहरूमा व्यापार प्रशासन, वाणिज्य शास्त्र र जन प्रशासन विषयहरू अध्यापन गर्ने सुअवसर यस अध्ययन संस्थानलाई प्राप्त छ ।

———

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उद्देश्य

राष्ट्रिय शिक्षा पद्धतिको लक्ष अनुरूप वाणिज्य, व्यापार तथा जन प्रशासनको क्षेत्रमा चाहिने विभिन्न तहका दक्ष जनशक्तिको सृजना र यि क्षेत्रमा काम गरिरहेका कर्मचारीहरूलाई व्यावहारिक तथा प्रयोगात्मक दृष्टिकोण राखी प्रवचन, कार्यशाला गोष्टी केश स्टडिज आदि शिक्षण–विधिको माध्यमद्वारा तालीम दिई वढी सक्षम र सफल प्रवन्धकहरू तयार गर्नु यस अध्ययन संस्थानको उद्देश्य रहेको छ ।

उक्त उद्देश्य हासिल गर्न प्रमाण–पत्र तहमा अध्यापन गरिने कार्यक्रमको उद्देश्य निम्न स्तरका **सहायकहरू**, स्नातक तहमा मध्यम स्तरिय **व्यवस्थापकहरू** र स्नातकोत्तर तहमा उच्चस्तरिय **प्रवन्धकहरू** तयार गर्नु हो । देशका सरकारी तथा गैर सरकारी क्षेत्रका व्यावसायिक संगठनहरूको विकाश तथा व्यवस्थापन, उद्योग वाणिज्य तथा सार्वजनिक प्रशासन सम्वन्धि प्रवन्ध, सगठन, योजना, नीति, नियन्त्रण, कार्यक्रम आदी यन्त्रहरू संग घनिष्ट सम्वन्ध रहेको वाणिज्य तथा जन प्रशासन शिक्षाले तत्सम्वन्धि सक्षम प्रवन्ध कर्ता, सफल व्यवस्थापक, तथा दक्ष प्रशासक तयार गर्ने र आधारभूत ज्ञान प्रदान गर्ने लक्ष राखेको छ ।

यस प्रकार हरेक तहमा उत्पादन हुने जनशक्ति आ-आफ्नो स्तरमा दक्ष कार्यकर्ताका रूपमा रहनेछन् । प्रत्येक तहमा स्वतः समाप्त (Self Terminate) हुने गरि शैक्षिक कार्यक्रमको तर्जुमा हुनुका साथै निम्न तहवाट उच्च तहको अध्ययन गर्न चाहेमा पनि विद्यार्थीको आवश्यक शैक्षिक पृष्ठभूमि तयार गर्ने तर्फ ध्यान दिइएको छ ।

वाणिज्य, व्यापार तथा जन प्रशासन शिक्षाको मूख्य उद्देश्य निर्णायक शक्तिको सृजना तथा विकास गर्नु हो । प्रवन्धक तथा व्यवस्थापनका मूलभुत सिद्धान्तहरूका साथै एक क्षेत्रमा विशिष्टीकरण (Specialization) गराउने लक्ष राखी तदनुसार नै कार्यक्रम संचालन भएको छ । यस शिक्षाको लक्ष विद्यार्थीहरूलाई कुनै खास काम (Job) का लागि मात्र तयार गर्नु नभएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनीहरूमा सोच्न सक्ने, तर्कपूर्ण ढंगवाट विषयको विश्लेपण एवं अनुसन्धान गर्न सक्ने तथा वौद्धिक एवं व्यक्तित्व निर्माणको समेत सृजना गर्ने भएकोले तदनुसारनै कार्यक्रमको तर्जूमा भएको छ ।

वाणिज्य, व्यापार तथा जन प्रशासन शिक्षा राष्ट्रिय शिक्षा पद्धतीको एक अभिन्न तथा महत्वपूर्ण अङ्ग भएकोले शिक्षा योजनाको भावनानुकुल राष्ट्र र राष्ट्र मुकुट प्रति आस्थावान, र देशको आर्थिक विकासमा योगदान दिन सक्ने किसिमको जनशक्ति उत्पादन गरि विकाशको क्रमलाई द्रुततर वनाउन मद्दत पुऱ्याउने लक्ष प्राप्तिका निमित्त व्यापार प्रशासन, वाणिज्य शास्त्र तथा जन प्रशासन अध्ययन सस्थान प्रयत्नशील रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

२०३१ सालमा एम. कम. को उपाधि प्राप्त विद्यार्थीहरूको एक समुह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE-IKS

क्याम्पस तथा शैक्षिक कार्यक्रम :

क्याम्पसको नाम	स्तर	विशेष विषय
१ शंकरदेव क्याम्पस, काठमाडौं ।	स्नातकोत्तर	वित्तिय शास्त्र, लेखा, मार्केटिङ्ग प्रोडक्सन, पर्सनल लेखा ।
" "	स्नातक	वित्तिय शास्त्र, मार्केटिङ्ग, सेक्रेटरियल प्राक्टीस ।
" "	स्नातक (जन-प्रशासन)	सामाजिक शास्त्र, अर्थशास्त्र प्रशासन, प्रवन्ध कर्ता, लेखा, वित्तिय शास्त्र ।
२. पाटन क्याम्पस,	स्नातक	लेखा, वित्तिय शास्त्र, मार्केटिङ्ग सचिवालय विज्ञान ।
३. महेन्द्र मोरंग आदर्श क्याम्पस, विराटनगर ।	स्नातक	लेखा, वित्तिय शास्त्र, मार्केटिङ्ग सचिवालय विज्ञान ।
४. ठाकुर राम क्याम्पस, विरगंज ।	स्नातक	" " "
५. त्रिभुवन क्याम्पस, पाल्पा ।	स्नातक	" " "
६. सरस्वती क्याम्पस, काठमाडौं ।	प्रमाण-पत्र	लेखा, वित्तिय शास्त्र,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

		होटेल व्यवस्था, सचिवालय विज्ञान ।
७. पब्लिक यूथ क्याम्पस, काठमाडौं ।	"	" "
८. पाटन क्याम्पस, पाटन ।	"	" "
९. महेन्द्र क्याम्पस, धरान ।	"	" "
१०. महेन्द्र मोरंग आदर्श क्याम्पस,	"	" "
११. रामस्वरूप रामसागर क्याम्पस, जनकपुर ।	"	" "
१२. ठाकुरराम क्याम्पस,	"	" "
१३. पृथ्वीनारायण क्याम्पस,	"	लेखा, वित्तिय शास्त्र, होटेल व्यवस्था, सचिवालय विज्ञान ।
१४. त्रिभुवन क्याम्पस, पाल्पा ।	"	" "
१५. महेन्द्र क्याम्पस, नेपालगंज ।	"	" "
१६. आर्थिक विकास तथा प्रशासन केन्द्र		तालिम, केस स्टडिज, अनुसन्धान आदी

प्रवेश :

यस अध्ययन संस्थानको प्रमाण–पत्र, स्नातक तथा स्नातकोत्तर स्तरमा प्रवेश पाउनको लागि विद्या परिषदले निम्न वमोजिम न्यूनतम आवश्यकताहरू तोकेको छ ।

प्रमाण-पत्र स्तर : अंग्रेजी लिई एस. एल. सी. वा सो सरहको परीक्षा उतीर्ण भएको ।

स्नातक स्तर : आई. कम. परीक्षा उतीर्ण भएको ।

स्नातक स्तर (जन–प्रशासन): अंग्रेजी लिई इन्टरमिडियट उतीर्ण भएको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDT

स्नातकोत्तर स्तर: बी. कम. बी. ए., बी. एस्सी, परीक्षा उत्तीर्ण भएको अथवा त्रि. वि. बाट मान्यता प्राप्त स्नातक तहको उपाधि प्राप्त गरेको ।

आवेदन पठाउने कार्यालयको नाम र ठेगाना :

जुन क्याम्पसमा प्रवेश लिन लागेको हो सोही क्याम्पसको नाम र ठेगानामा आवेदन दिनु पर्दछ ।

प्रवेश परीक्षा :

प्रमाण-पत्र स्तर : एस. एल. सी. सरहको अंग्रेजी, सामान्य ज्ञान र गणित विषयमा लिखित परीक्षा लिइनेछ ।

स्नातक स्तर : अंग्रेजी, सामान्य ज्ञान, व्यावसायिक पद्धति र लेखा विषयमा लिखित परीक्षा लिइनेछ ।

स्नातक स्तर (जन-प्रशासन) : अंग्रेजी, सामान्य ज्ञान, सामाजिक, आर्थिक र राजनैतिक विषयहरूमा लिखित परीक्षा लिइनेछ ।

स्नातकोत्तर स्तर : अंग्रेजी, लेखा, अर्थशास्त्र, व्यवसायिक संगठन विषयमा लिखित परीक्षा लिइनेछ ।

विद्यार्थीहरूको नाम दर्ता :

१) प्रत्येक सिमेष्टरका कक्षाहरू प्रारम्भ हुने मितिको १ हप्ता अगाडि देखि कक्षा प्रारम्भ हुने दिन सम्म विद्यार्थीहरूको नाम दर्ता हुनेछ, तर कुनै विशेष कारणले उक्त अवधि भित्र पनि नाम दर्ता गराउन नसकेका-हरूलाई इन्स्टिच्यूटका डीन वा क्याम्पस प्रमुखको अनुमति प्राप्त भएमा कक्षाहरू शुरू भएको एक हप्ता सम्म विलम्ब शुल्क लिई नाम दर्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गराउन सकिने छ। एउटा क्याम्पसबाट अर्को क्याम्पसमा सरूवा हुन चाहनेहरूको लागि पनि यहि नियम लागू हुनेछ।

२) नाम दर्ता गराउने समयमा कुन कुन पाठ्यांश सिई पढनु पर्ने हो त्यस बारे विद्यार्थीलाई आवश्यक सल्लाह उपलब्ध गराइने छ र विद्यार्थीको नाम सर्ने नीजले उक्त सिमेष्टरमा लिएका पाठ्यांशहरू पनि दर्ता गरिने छन्।

३) कुनै पाठ्यांशमा आफ्नो नाम दर्ता गराएका विद्यार्थीहरूलाई कक्षा प्रारम्भ भएको एक महिना भित्र समान स्तरको त्यसै विषयमा अर्को पाठ्यांश डीन वा क्याम्पस प्रमुखको अनुमती लिएर फेर्ने पाउने छ।

४) कुनै विद्यार्थीले आफना नाममा दर्ता भएको पाठ्यांश छाड्न चाहेमा कक्षा शुरू भएको २ महिना भित्र छोडन सक्ने छ। त्यस पछि छोडेमा वा परीक्षा नदिएमा उक्त पाठ्यांशमा अनुत्तीर्ण मानिने छ।

पाठ्यांशहरू :

प्रमाण–पत्र

अनिवार्य पाठ्यांश	२७ क्रे. घ.
मूल (Core) पाठ्यांश	५१ "
विशिष्टिकरण क्षेत्र : निम्नोक्त कुनै एक क्षेत्रमा	१२ "
क) लेखा	
ख) वित्तिय प्रशासन	
ग) होटेल व्यवस्थापन	
घ) सचिवालय विज्ञान	
ऐच्छिक पाठ्यांश	१० "
जम्मा	१०० क्रे. घं.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्नातक

अनिवार्य पाठ्यांश	१२ क्रे० घं०
मूल (Core) पाठ्यांश	४८ "
विशिष्टीकरण क्षेत्र : निम्नोक्त कुनै एक क्षेत्रमा	१२ "
क) लेखा	
ख) अर्थ प्रवन्ध	
ग) क्रय-विक्रय	
घ) सचिवालय विज्ञान	
ऐच्छिक पाठ्यांश	८ "
जम्मा	८० क्रे० घं०

स्नातक (जन-प्रशासन)

अनिवार्य पाठ्यांश	१२ क्रे० घ०
मूल (Core) पाठ्यांश	३३ "
विशिष्टिकरण क्षेत्र : निम्नोक्त कुनै तीन समुहमा	२७ "
समूह : क, ख, ग, घ, ङ,	
च, छ, ज, र झ ।	
ऐच्छिक पाठ्यांश	८ "
जम्मा	८० "

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्नातकोत्तर

मूल (Core) पाठ्यांश	६२ क्रे. घं.
सोध प्रवन्ध (Thesis)	६ "
विशिष्टिकरण क्षेत्र : नम्नोक्त कुनै एक क्षेत्रमा	१२ "
क) लेखा	
ख) वित्त	
ग) कर्मचारी	
घ) उत्पादन	
ङ) क्रय-विक्रय	
जम्मा	८० क्रे. घ.

नोट:—उपरोक्त पाठ्यांशहरूको विस्तृत विवरणका लागि यस अध्ययन संस्थानको Courses of Instruction हेर्नुहोस् ।

शुल्क :

प्रत्येक सिमेष्टरको शिक्षण शुल्क तीन बराबर किस्तामा उठाइने छ । पहिलो किस्ता भर्ना हुने वेलामा, दोश्रो किस्ता सिमेष्टरको शुरू भएको दोश्रो महिनाको अन्तिम हप्तामा तेश्रो किस्ता सिमेष्टर शुरू भएकै चौथो महिनाको अन्तिम साताभा उठाइने छ ।

प्रमाण-पत्र (सर्टिफिकेट) :

प्रत्येक सिमेष्टर प्रवेश शुल्क ५।-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्तकालय धरौटी	१०।-
प्रत्येक सिमेष्टर पुस्ताकालय शुल्क	३ -
प्रत्येक सिमेष्टर खेलकूद शुल्क	३।-
प्रत्येक सिमेष्टर शिक्षण शुल्क	९०।-
त्रि० वि० दर्ता शुल्क	१५ -

स्नातक (डिप्लोमा) :

प्रत्येक सिमेष्टर प्रवेश शुल्क	५।-
पुस्तकालय धरौटी	१० -
प्रत्येक सिमेष्टर खेलकूद शुल्क	३।-
प्रत्येक सिमेष्टर पुस्तकालय शुल्क	३।-
प्रत्येक सिमेष्टर शिक्षण शुल्क	११५।-
त्रि० वि० दर्ता शुल्क	१५।-

स्नातकोत्तर (डिग्री) :

प्रत्येक सिमेष्टर प्रवेश शुल्क	५।-
पुस्तकालय धरौटी	१०।-
प्रत्येक सिमेष्टर खेलकूद शुल्क	३।-
प्रत्येक सिमेष्टर पुस्तकालय शुल्क	३।-
प्रत्येक सिमेष्टर शिक्षण शुल्क	१२५ -
त्रि० वि० दर्ता शुल्क	१५।-

विलम्ब शुल्क (लेट फि) :

प्रथम प्रवेश सिमेष्टरको पढाई आरम्भ हुने तोकिएको मिति सम्म भर्ना लिइनेछ। त्यस पछि भर्ना हुन आएमा एक हप्ता मात्रको म्याद दिई रू० ५।-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जरिवाना समेत लिई भर्ना गरिनेछ। शुल्कको दोश्रो र तेश्रो किस्ता बुझाउन माथि तोकिएको समय भित्र बुझाउन नसकेमा त्यस पछिका १५ दिन भित्रमा रू० १।– जरिवाना समेत लिनेछ र त्यस अवधि भर पनि शुल्क नबुझाएमा सो विद्यार्थीको नाम काटिने छ। नाम काटिसकेपछि पनि पुनः भर्ना हुन आएमा रू० ५।– पुनः प्रवेश शुल्क समेत लिई भर्ना गरिने छ।

आन्तरिक मूल्यांकन र सिमेष्टर परीक्षा :

यस इन्स्टिच्यूट अन्तर्गत अध्ययन गर्ने विद्यार्थीहरूलाई आफ्ना तहका उपाधि प्रदान गर्नको लागि निम्न लिखितानुसार मूल्यांकन गरिनेछ।

१) आन्तरिक मूल्यांकन

२) सिमेष्टर परीक्षा

१) आन्तरिक मूल्यांकन :

प्रत्येक सिमेष्टरमा विद्यार्थीहरूले अध्ययन गरेको कुराहरूको लेखाजोखा गर्ने र उनीहरूलाई पठन पाठन क्रममा जागरूक राख्नको लागि क्रमिक रूपमा उनीहरूले हासिल गरेको प्रगतिको मूल्यांकन गर्नु नै आन्तरिक मूल्यांकनको रहेको छ। यो मूल्यांकन सामयिक परीक्षाहरू र गर्न लगाइएको शैक्षिक कामहरू (Assessments) द्वारा गरिनेछ। एक सिमेष्टरमा एक सिमेष्टरमा एक पाठ्यांश ३ पटक आन्तरिक मूल्याकन गरिनेछन्।

प्रत्येक सिमेष्टर भित्र लिइने पाठ्यांशहरूको आन्तरिक मूल्यांकनमा घटीमा ४० प्रतिशत भन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूलाई सो पाठ्यांशको सिमेष्टर परीक्षामा सम्मिलित गराइने छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२) सिमेष्टर परीक्षा :

प्रोजेक्ट, प्रतिवेदन थेसिस (सोध प्रवन्ध) जस्ता कार्य एकै सिमेष्टर अवधि भित्र सम्पन्न हुन नसक्ने तथा एक भन्दा वढी सिमेष्टरमा लिने हुदा उक्त पाठ्यांशहरूको परीक्षाफल कार्य सम्पन्न नभए सम्म जारी मै राखेको (Continued) भनी विद्यार्थीको प्रगति विवरणमा कैफियत जनाइनेछ ।

विभिन्न पाठ्यांशहरूको सिमेष्टर परीक्षा र आन्तरिक मूल्यांकनको अङ्क विभाजन निम्न प्रकारले गरिनेछ—

सैद्धान्तिक कक्षामात्र हुने पाठ्यांशमा :

१)	सिमेष्टर परीक्षा	८० प्रतिशत
२)	आन्तरिक मूल्याँकन	२० प्रतिशत

आन्तरिक मूल्यांकन र सिमेष्टर परीक्षा गरी विभिन्न तहहरूको लागि निम्न प्रकारका न्यूनतम अङ्क पाउनु पर्ने छ ।

प्रमाण–पत्र तहमा	४० प्रतिशत
स्नातक तहमा	४५ प्रतिशत
स्नातकोत्तर तहमा	५० प्रतिशत

सम्पूर्ण परीक्षाहरूमा प्राप्त भएको जम्मा अङ्कको आधारमा विद्यार्थीहरूको उपलब्धीलाई ३ श्रेणीमा विभाजित गरिनेछ—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क) यो छात्रवृत्ति प्राप्त गर्न इच्छा राख्ने विद्यार्थीले आफ्नो आर्थिक अवस्था बारेको प्रमाम--पत्र गाउं पंचायतका प्रधानपंच वा नगर पंचायतका वडा सदस्यबाट सिफारिश लिई पेश गर्नु पर्नेछ र आफ्नो चरित्र तथा जेहेन्दारी विषयमा आफूले पढेको स्कूलको प्राध्यापक वा क्याम्पसका क्याम्पस प्रमुखको प्रमाण–पत्र पेश गर्नु पर्नेछ ।

ख) छात्रवृत्ति वितरण प्रत्येक साल डीन अथवा क्याम्पस प्रमुखको मात-हतमा गठित एक छात्रवृत्ति वितरण कमिटिले गर्नेछ ।

ग) शैक्षिक प्रगति सन्तोष जनक नभएको खण्डमा क्याम्पस प्रमुखले छात्र-वृत्ति रोक्न सक्नेछ ।

जेहेन्दार छात्रवृत्ति

१) जेहेन्दार तथा प्रतिभाशाली विद्यार्थीलाई प्रोत्साहन दिन समयमा प्राविधिक समितिको निर्णय बमोजिम प्रत्येक इन्स्टिच्यूटमा प्राविधिक समितिले तोके बमोजिम मूल्यको जेहेन्दार छात्रवृत्ति उपलब्ध हुन सक्नेछन् ।

२) प्रवेश परीक्षामा उत्तिर्ण भई नियमानुसार भई सकेमा विद्यार्थीहरूको बीच प्रत्येक वर्ष प्रतियोगात्मक परीक्षामा सबभन्दा बढी अङ्क ल्याउनेहरूलाई जेहेन्दार छात्रवृत्ति दिइने छ ।

३) जेहेन्दार छात्रवृत्ति पाउने विद्यार्थीहरूको पढाई सन्तोष जनक नभएको खण्डमा सो छात्रवृत्ति रोक्न सकिनेछ ।

४) एक किसिमको छात्रवृत्ति पाउनेले अर्को किसिमको छात्रवृत्ति पाउने छैन ।

निःशुल्क छात्रवृत्ति :

अध्ययन गर्ने छात्र संख्याको १० प्रतिशत सम्मलाई मासिक शिक्षण शुल्ककों निःशुल्क छात्रवृत्ति (फ्रिष्टुडेण्ट शिप) प्रदान गर्न सकिनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतिरिक्त क्रियाकलाप :

विद्यार्थीहरूलाई विभिन्न क्षेत्रमा ज्ञान हासिल गराउने उद्देश्यले उनीहरूलाई समय समयमा विभिन्न कार्यक्रममा भाग लिन उत्साहित गरिनेछ ।

खेलकूद :

विद्यार्थीहरूलाई पठन पाठनमा जोड लगाउनुको साथै शारिरीक व्यायाम तथा मनोरन्जनको सहुलियत प्रदान गर्ने हैसियतले यस अध्ययन संस्थान अन्तर्गतको क्याम्पसहरूमा श्रोत अनुसारको विभिन्न खेलकूदको व्यवस्था गरिएको छ ।

विद्यार्थी परिषद :

हाल यस अध्ययन संस्थान अन्तर्गतका क्याम्पसहरूमा त्रि. वि. वि. नियम अनुसारको विद्यार्थी परिपद गठन गर्ने व्यवस्था छ ।

विद्यार्थी सल्लाह सेवा :

यस संस्थानको विद्यार्थी सल्लाह सेवाको पनि व्यवस्था गरेको छ । विद्यार्थी हित सम्वन्धी कुनै ठोस कदम उठाउन पर्दा आवश्यकता अनुसार विद्यार्थी सल्लाह सेवाबाट पनि परामर्श दिने छ ।

सम्मान, पदक तथा पुरस्कार :

सम्मानार्थ स्नातकोपाधि (अनररी डिग्री) वा अन्य शैक्षिक उपाधि प्रदान गर्ने व्यवस्था छ ।

पदक :

मिहेनती तथा जेहेन्दार विद्यार्थीहरूलाई पठन पाठन क्रियामा वढी मात्रमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरि राख्ने सुविधा कुनै पाठ्यांश लिएको वर्ष देखि ५ वर्ष सम्म मात्र रहनेछ। सो पांच वर्ष भित्र उक्त तह पूरा गर्न नसकेमा ५ वर्ष भन्दा पछि पूर्व पाठ्यांशको अङ्क रद्द गरिनेछ।

आंशिक विद्यार्थीहरूको लागि बढी समय लाग्ने हुदा अङ्क संचित गरि राख्ने सुविधा ७ वर्ष सम्म पाइनेछ।

राष्ट्रिय विकास सेवा :

सिमेष्टर पूरा गरि विश्वविद्यालयबाट दिइने स्नातकोत्तर उपाधि प्राप्त गर्नको लागि २ सिमेष्टर पछि अनिवार्य रूपमा राष्ट्रिय सेवा कार्यक्रममा १ वर्ष सम्म विद्यार्थीहरूले भाग लिनु पर्नेछ।

हाललाई सो कार्यक्रम २०३० श्रावण देखि भर्ना भएका स्नातकोत्तर तहको विद्यार्थीको लागि मात्र लागू हुनेछ।

स्नातक तहमा विद्यार्थीहरूको लागि राष्ट्रिय सेवा कार्यक्रम घोषित गरिएको मिति देखि लागू हुनेछ।

उपाधि प्रदान :

प्रत्येक तहको उत्तिर्ण हुनको निमित्त निर्धारित न्यूनतम अङ्कको पाठ्यांशहरू लिई उत्तिर्ण नभए सम्म सो तहको उपाधि प्रदान गरिने छैन।

विस्तार कार्यक्रम :

विस्तार (Extension) कार्यक्रम अन्तर्गत तोकिएको क्याम्पसहरूमा विहान वेलुका कक्षा संचालन कर्मिमा ५ सिमेष्टर अवधिका पाठ्यांश पूरा गरी उपाधि प्राप्त गर्न सक्नेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्येक विद्यार्थीले लिने भार (Load) स्नातकोत्तर स्तरमा घटीमा १६ क्रेडिट घण्टा, स्नातक स्तरमा वढीमा १६ क्रेडिट घण्टा र प्रमाण-पत्र स्तरमा ३० क्रेडिट घण्टा हुनेछ ।

प्राप्त सुविधाहरू :

पुस्तकालय

हाल यस अध्ययन संस्थान अन्तर्गतका विभिन्न क्याम्पसहरूमा पुस्तकालयको सुविधा प्रदान गरिएको छ उक्त सुविधालाई अझ वढी प्रभावकारी वनाउने उद्देश्य अनुरूप पुस्तकालय सुद्रृढीकरण गर्ने कार्यक्रम राखिएको छ ।

छात्रवृत्ति

१) गरिव तर जेहेन्दार विद्यार्थीहरूलाई शिक्षा पाउन सहयोग गर्ने तथा शैक्षिक दृष्टिकोणले पिछडिएको क्षेत्र र त्यस वर्षको विद्यार्थीलाई शिक्षा पाउन सहायता गर्ने कल्याण वृत्तिको व्यवस्था गरिएको हो ।

२) यस्तो छात्रवृत्ति कार्यक्रमको न्यूनतम अवधि सम्म मात्र प्राप्त गर्न सकिने छ ।

३) छात्रवृत्तिको रकम छात्र / छात्रालाई सिमेष्टर (सत्र) अनुसार दिइने छ । यदि कुनै शैक्षिक कार्यक्रम एक सिमेष्टर भन्दा कम अवधिको भएमा डीनले तोके वमोजिम छात्रवृत्ति दिइनेछ ।

४) प्रत्येक छात्रवृत्ति पाउने छात्र / छात्राले सिमेष्टरको प्रत्येक कोर्ष पास गरे पछि मात्र अर्को सिमेष्टर (सत्र) को छात्रवृत्ति रकम पाउन योग्य ठहरिनेछ ।

५) छात्रवृत्तिको रकम तोके वमोजिमको हुनेछ ।

६) छात्रवृत्ति पाउने तरिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामान्य (पास)	उत्तम (मेरीट)	विशिष्ट (डिष्टींक्सन)

प्रमाण-पत्र तहमा :

४० % र सो भन्दा माथि ५९% सम्म	६० % र सो भन्दा माथि ७९% सम्म	८० % र सो भन्दा माथि

स्नातक तहमा :

४५ % र सो भन्दा माथि ६५% सम्म	६५ % र सो भन्दा माथि ७९% सम्म	८० % र सो भन्दा माथि

स्नातकोत्तर तहमा :

५० % र सो भन्दा माथि ६९% सम्म	७० % र सो भन्दा माथि ७९% सम्म	८० % र सो भन्दा माथि

कुनै पाठ्यांशमा कसैले उत्तिर्णाङ्क प्राप्त गर्न नसकेको तथा तह अनुसार देहायमा देखाइएका न्यूनतम प्रतिशत भन्दा कम अङ्क प्राप्त गरेको रहेछ भने त्यस्ताले सो पाठ्यांश पुनः दोहऱ्याएर पढ्नु पर्नेछ ।

प्रमाण–पत्र तह	२० प्रतिशत
स्नातक तह	२० प्रतिशत
स्नातकोत्तर तह	२५ प्रतिशत

कुनै विद्यार्थीले सिमेष्टरको निमित्त दिइएको पाठ्यांशमा उत्तिर्णाङ्क प्राप्त नगरेको तर माथि दिइएको अर्थात सर्टिफिकेटमा २० प्रतिशत देखि ३९ प्रतिशत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्म र डिप्लोमा तहमा २० देखि ४४ प्रतिशत सम्म र डिग्री तहमा २५ देखि ४९ सम्म अङ्क आएका भए उसले आउँदो सिमेष्टरमा लिन खोज्ने पाठ्यांशको निमित्त सो पाठ्यांश पूर्वाश्यक (Per-requisite) घोषित गरिएको छ भने माथिल्लो पाठ्यांशमा अस्थाई (Provisionsh) प्रवेश मात्र पाउन सक्नेछ र स पूर्वाश्यक पाठ्यांसमा कक्षा चलेको एक महिना भित्र पुनः परीक्षा दिई उत्तिर्ण हुनु पर्नेछ । दोश्रो परोक्षामा पनि उसले उत्तिर्णाङ्क प्राप्त गर्न नसकेका सो पाठ्यांशको निम्ति दिइएको प्रवेशलाई रद्द गरिनेछ र सो पाठ्यांश फेरी दोहऱ्याएर पढी त्यसमा उत्तिर्ण भए पछि मात्र माथिल्लो पाठ्यांशमा प्रवेश पाउन सक्नेछ ।

सो पाठ्यांश आउदो सिमेष्टरमा लिइने कुनै पनि पाठ्यांशको लागि पूर्वाश्यक घोषित गरिएको छैन भन्ने आउदो सिमेष्टर परीक्षा समयमा उक्त पाठ्यांशको परीक्षा दिनु पर्नेछ ।

कुनै एक पाठ्यांशमा उत्तिर्ण हुनुको लागि तीन पटक भन्दा बढो परीक्षामा बस्ने मौका दिइने छैन । स्पष्टिकरणः— तीन पटक भन्नाले प्रत्येक पल्ट सो पाठ्यांश दर्ता गराई एक सिमेष्टर परीक्षा र एक पुनः परीक्षा दिईएकोलाई एक पटक मान्ने र एउटा पाठ्यांश पूरा गर्न यस्तो तीन पटक मौका पाउने छ ।

प्राप्तांकको स्थानान्तरण :

त्रि. वि. वि. अन्तर्गतका इन्स्टिच्यूट भन्दा बाहिरको शिक्षा प्रणालीबाट स्थानान्तर हुन चाहने विद्यार्थीहरूलाई उपयुक्त तहका उपाधिको प्राप्तीतर्फ २५ प्रतिशत सम्मको संचीत अङ्क स्थानान्तर गर्न पाउने सुविधा दिइएको छ ।

प्राप्तांकको संचय :

प्रत्येक तहको ५ वर्षको अवधि भित्र सो तह पुरा गरि सक्नु पर्नेछ । अर्थात कुनै तहका उपाधि प्राप्त गर्नका लागि लिइएको पाठ्यांशहरूको अङ्क संचीत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सक्रिय तुल्याउने उद्देश्यले शिक्षणमा प्रथम या अन्य श्रेणिमा उत्तिर्ण भई राम्रो अङ्क उपलब्ध गर्नेलाई पदकहरू दिने व्यवस्था छ । सो अनुसार गुन्जमान सिंह, छत्रवहादुर पदकहरू राखिएको छ ।

नेपाल बैंक छत्रवहादुर पदक यस अध्ययन संस्थानवाट स्नातक र गुन्जमान सिंह पदक स्नातकोत्तर परीक्षामा सवभन्दा वढी अङ्क प्राप्त गर्नेलाई दिइने व्यवस्था पहिले अनुसार नै छ ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०३१ सालको उपाधि वितरण समारोहको एक झलक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुद्रकः– अरनिको प्रेस, गाबहालटोल बुबहाल, पाटन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu